लेखापरीक्षण प्रतिवेदन

सैनामैना नगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सैनामैना नगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि

(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य

(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता

(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/590

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
सैनामैना नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु.२७ करोड ५७ लाख ५४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.५९ लाख २९ हजार, पर्यटन पुर्वाधार रु.२१ लाख ३४ हजार र एकिकृत स्वास्थ्य पुर्वाधार को रु.२ करोड ९ लाख ९० हजार समेत गरी रु.३० करोड ४८ लाख ६ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन।

२. नगरपालिकाको रु.२ अर्व २ करोड ६७ लाख ५१ हजार लेखापरीक्षण गरिएकोमा रू.१ करोड ६७ लाख १ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.६० लाख ५० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३६ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.६२ लाख १५ हजार रहेको छ। गत वर्षसम्म सम्परीक्षण पश्चात रु.७ करोड ३५ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.८ करोड ४२ लाख ३९ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.नगरपालिकाले आफु मातहत रहेको स्थिर सम्पत्तिको खुलासा गरेको छैन।सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सैनामैना नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सैनामैना नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु वर्गीकरण

(रु.हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४७	६८	१६७०१	०	३३	६०५०	०	४७	३५	१०६५१	३६०९	६२१५	८२७	०	०	७०४२	०

अद्यावधिक बेरुजू स्थिति

(रु.हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	१०८४१४	०	३४८२६	७३५८८	०	१०६५१	८४२३९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	१३	पेश्की वाँकी	२,७८,०००
२	२०७७/७८	२९.१	३ नं. वडा स्तरीय बाटो स्तरोन्नति उपभोक्ता समिति	३,१६,६९०
३	२०७७/७८	३०	७ नं. वडा स्तरीय बाटो स्तरोन्नति उपभोक्ता समिति	६,३१,१३२
४	२०७७/७८	२८	८ नं. वडा स्तरीय सडक स्तरोन्नति उपभोक्ता समिति	३,९१,५१९
५	२०७७/७८	२४.२	ठे.नं. NCB/14/077/78 Construction of Doghara – Pragati Tole Black Topped	६,६०,६६७
६	२०७७/७८	२६.२	ठे.नं. NCB/16/077/78 Construction of Yagya Path – Ring Road Black Topped	८,६४,४५८
७	२०७७/७८	२५.२	ठे.नं. NCB/17/077/78 Construction of Devi Chowk – Ring Road Black Topped	७,०६,४५६
८	२०७८/७९	४४	घुम्तिकोष लगानी	१,८७,४८७
९	२०७८/७९	१६	कर्मचारी कल्याण कोष	३,००,०००
१०	२०७८/७९	२५.४	लाभग्राही समुदायवाट खरिद	११,९३७
११	२०७८/७९	२०	पेश्की वाकीको विवरण	१,९९,८२९
१२	२०७८/७९	२८	पूर्वनिर्धारित क्षतिपूर्ति	१४,३८,६०७
१३	२०७८/७९	३९	ढिला राजश्व दाखिला	४,७८,९८०
१४	२०७८/७९	२३	ठे.नं. ०१।०७८-७९ को Construction of Kotiyadevi Secondary School Building	७,४२,४८६
१५	२०७८/७९	३०	कर्मचारीको स्तर वृद्धी	७२,४९४
१६	२०७८/७९	३१	करार कर्मचारीलाई महंगी भत्ता	८,४०,०००
१७	२०७९/८०	२५	स्टेडियम प्याराफिट	४,४६,५७०
१८	२०७९/८०	३०	सङ्घीय सशर्त पुँजीगत	१,२१,०४,८२८
१९	२०७९/८०	३२	शिक्षा तर्फ	२,००,०००
२०	२०७९/८०	२१	लागत अनुमान तयार नगरी खर्च	९,८८,०८३
२१	२०७९/८०	२९.५	नगरपालिका पुँजिगत	१५,९५,०९४

[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]
२२	२०७९/८०	३३	कृषि तथा पशु तर्फ	१५,९७,७९०
२३	२०७९/८०	२३	करार कर्मचारीको सामाजिक सुरक्ष कोष	२५,६६,६०५
२४	२०७९/८०	२४	इन्धन खर्च	५,७४,८००
२५	२०७९/८०	१२	करार कर्मचारी	६६,३१,३३९
२६	२०८०/८१	२८	छात्रबृत्ति	६८,६००
२७	२०८०/८१	२९	नि:शुल्क पाठ्यपुस्तक	४,६७,६०४
२८	२०८०/८१	४८	पेश्की बाँकी	१,८०,०००
२९	२०८०/८१	३१	प्रमाण	१२,३०,०००
३०	२०८०/८१	५१	प्रमाण कागजात	५,०६,९८३
३१	२०८०/८१	३४	प्रोत्साहन अनुदान	२४,०८,८६९
३२	२०८०/८१	४५	मूल्य अभिवृद्धि कर	१,१६,५४८
३३	२०८०/८१	५२	विद्यालय भवन निर्माण(प्रदेश)	८४,०३६
३४	२०८०/८१	५३	विद्यालय भवन निर्माण(संघिय)	९,२८,१६३
३५	२०८०/८१	३३.४	अनुदान तथा वितरण	५९,०००
जम्मा				४,०८,७५,६५२

(८०५४८४०५३०० - सैनामैना नगरपालिका, रुपन्देही)

सैनामैना नगरपालिका , रुपन्देही

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस सैनामैना नगरपालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १६२.१८ वर्ग किलोमिटर तथा ७८३९३ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।७।२९ देखि २०८१ ।९।३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.२ अर्ब २ करोड ६७ लाख ५१ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ :

२०८०/८१ अवधी : २०८०/०४/०१ -२०८१/०३/३१						
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)						
			चालु आ.ब.को कारोबार			
क्र.स./ आर्थिकसङ्केत	विवरण	टिप्पणी नं	नगद	तेस्रोपक्ष भुक्तानी	जम्मा	गतआ.ब. को कारोबार
	राजस्व, अनुदान रअन्य प्राप्ति					
११०००	कर		२०,४०,४५,२१४.८३	०	२०,४०,४५,२१४.८३	१९,१५,३७,७४८.९५
१३०००	अनुदान		४२,८३,४४,२१४.७०	०	४२,८३,४४,२१४.७०	४८,४९,०१,८०३.५७
१४०००	अन्य राजस्व		४,१९,२६,८६७.८७	०	४,१९,२६,८६७.८७	६,०९,१४,१६४.६१
१५०००	विविध प्राप्ति		२,१०,४६५.६०	०	२,१०,४६५.६०	०
क	**कुल जम्माप्राप्ति**		६७,४५,२६,७६३.००		६७,४५,२६,७६३.००	७३,७३,५३,७१७.१३
३	चालु		४४,८१,१७,७०८.५६	०	४४,८१,१७,७०८.५६	४५,५५,७६,१९९.७९
२१०००	पारिश्रमिक /सुविधा		२४,६५,९४,३००.२८	०	२४,६५,९४,३००.२८	२५,८५,७२,६३९.१८
२२०००	मालसामान तथासेवाको उपयोग		१८,३२,२७,५६६.२८	०	१८,३२,२७,५६६.२८	१४,५९,८९,२९८.६१
२५०००	सहायता (Subsidy)		४०,०८,३०५.००	०	४०,०८,३०५.००	३,२४,०७,०५५.००
२६०००	अनुदान		०	०	०	२७,५०,५९७.००
२७०००	सामाजिक सुरक्षा		१,३६,२५,१२७.००	०	१,३६,२५,१२७.००	१,२३,३३,६८१.००
२८०००	अन्य खर्च		६,६२,४१०.००	०	६,६२,४१०.००	३५,२२,९२९.००
४	पूंजीगत		२१,२३,९६,१४४.००	०	२१,२३,९६,१४४.००	३२,६५,९८,५१४.९९
३१११०	भवन तथा संरचना		१,५७,००,४७३.००	०	१,५७,००,४७३.००	१,८२,१०,०००.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		४२,६१,८६४.००	०	४२,६१,८६४.००	१,८९,४५,३८४.००
३११३०	अन्य पूँजीगतखर्च		२१,००,०००.००	०	२१,००,०००.००	८,५५,३२४.००
३११४०	सुरक्षा उपकरण		१,४९,९५०.००	०	१,४९,९५०.००	०
३११५०	सार्वजनिकनिर्माण		१८,७९,८४,१६१.००	०	१८,७९,८४,१६१.००	२८,७७,३२,८०६.९९
३११६०	निर्मितसरचनाकोसुधार खर्च		८,००,०००.००	०	८,००,०००.००	५,००,०००.००
३११७०	पूँजीगत सुधारखर्च		१३,९९,६९६.००	०	१३,९९,६९६.००	३,५५,०००.००
५	वित्तीय		०	०	०	०
ख)	**कुल जम्माभुक्तानी**		६६,०५,१३,८५२.५६		६६,०५,१३,८५२.५६	७८,२१,७४,७१४.७८
ग)	**बचत /कमी (ग =क-ख)**		१,४०,१२,९१०.४४		१,४०,१२,९१०.४४	(४,४८,२०,९९७.६५)
घ)	**धरौटी, आकस्मिककोष**		(२,२५,२४,७९८.२६)		(२,२५,२४,७९८.२६)	३,०५,८७,७५९.७८

	लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)					
घ.१)	**कट्टी रकमभुक्तानी/ दाखिला गर्न बाकी**					
ङ)	**यस आ.ब.को नगदतथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		(८५,११,८८७.८२)		(८५,११,८८७.८२)	(१,४२,३३,२३७.८७)
च)	**गत आ.व.को नगदतथा बैंक मौज्दात**		१२,७९,५२,४४३.६६		१२,७९,५२,४४३.६६	१४,२१,८५,६८१.५३
छ)	**विनिमय नाफा/घाटातथा अन्य समायोजन**					
ज)	**आ.व. अन्तकोबाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		११,९४,४०,५५५.८४		११,९४,४०,५५५.८४	१२,७९,५२,४४३.६६

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५९२८७६३	१	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५९२८७६३
२	सामाजिक सुरक्षा तथा संरक्षण	२७५७५३५५४	२	सामाजिक सुरक्षा तथा संरक्षण	२७५७५३५५४
३	पर्यटन पुर्वाधार	२१३३६१९	३	पर्यटन पुर्वाधार	२१३३६१९
४	एकिकृत स्वास्थ्य पुर्वाधार	२०९९००००	४	एकिकृत स्वास्थ्य पुर्वाधार	२०९९००००
	जम्मा	३०४८०५९३६		जम्मा	३०४८०५९३६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २७ करोड ५७ लाख ५३ हजार ५५४, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २ करोड ९ लाख ९० हजार, पर्यटन पुर्वाधारकार्यक्रमको रु. २१ लाख ३३ हजार ६१९ तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५९ लाख २८ हजार ७६३ समेत गरी रु. ३० करोड ४८ लाख ५ हजार ९३६ एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. १ अर्ब १० करोड ५२ लाख ६८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **योजना तथा वजेट कार्यान्वयन**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन :

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. २१ करोड २३ लाखको खरिद गुरुयोजना बेगर गरेको छ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ३ करोड ३८ लाख १४ हजार विभिन्न मितिमा रकमान्तर गरेको छ । उक्त रकम वजेटको तुलनामा ३.०६ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । साथै रकमान्तर गरेको रकम मध्ये ११ योजनामा रु. ३५ लाख २७ हजार खर्च गरेको छैन ।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार वडागत र पालिकास्तरका कुल २२० योजनामा वजेट विनियोजन गरेको छ ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना संख्या**	**रु. २० लाख माथिका योजना संख्या**	**रु. ५ लाख देखि २० लाख सम्मका योजना संख्या**	**रु. ५ लाख भन्दा कमका योजना संख्या**
१.	पालिकास्तरीय	२७३	२	५१	२२०

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ ।

७ **त्रैमासिक खर्च**

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा ५.६६ र ७.५३ प्रतिशत, तेस्रो त्रैमासिकमा ७.५३ तथा चौथो त्रैमासिकमा ६०.३२ प्रतिशत खर्च गरेको देखिन्छ। कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ३६.२६ प्रतिशत खर्च गरेको छ । त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रकम रु हजारमा

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
पूँजिगत खर्चतर्फ	२१२३९६१४४	१२०४०३८६	१६००९७६६	५६२२९२७०	१२८११९७२२	७७०२७०७२
प्रतिशत		५.६६	७.५३	२६.४७	६०.३२	३६.२६

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ६०.३२ प्रतिशत तथा आषाढ महिनामा ३६.२६ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । वातावरण विकास तर्फ न्युन वजेट विनियोजन तथा खर्च भएको तथा पुर्वाधार विकास तथा आर्थिक विकासमा समेत कम खर्च भएको देखिएकोले सो क्षेत्रमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	८२५११५४३६	७००३२९६६.४४	१०.६०
२	पूर्वाधार विकास	४५८३५४१४६	१३३७३२४०२	२०.२५
३	सामाजिक विकास	३७७६७४५८४	३२०३०१४८७	४८.४९
४	बातावरण तथा विकास	३२०००००	८६४८२०	०.१३
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१६५७१००१	१२०१०९९१	१.८२
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१९१००४७७२	१२३५७११८५	१८.७१
		११२९३१९९३९	६६०५१३८५१.४	

९ प्रगति

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ । अन्य सार्वजनिक निर्माण तर्फ चक्रपथ निर्माण योजनाको ठेक्का हुन नसकेकोले कम प्रगति कारण देखाईए तापनि कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

शीर्षक	बार्षिकबजेट	खर्च	खर्च(%)
३१११२ गैर आवासीय भवन निर्माण/खरिद	१,९६,५४,२२२.००	१,४३,०१,५५३.००	७२.७७
३१११३ निर्मित भवनको संरचनात्मक सुधारखर्च	१६,००,०००.००	१३,९८,९२०.००	८७.४३
३११२२ मेशिनरी तथा औजार	१,८६,२५,०००.००	१०,२६,४८८.००	५.५१
३११२३ फर्निचर तथा फिक्चर्स	१,२१,५०,०००.००	३२,३५,३७६.००	२६.६३
३११३५ पूँजीगत परामर्श खर्च	२१,००,०००.००	२१,००,०००.००	१००
३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्तिखर्च	१,५०,०००.००	१,४९,९५०.००	९९.९७
३११५१ सडक तथा पूल निर्माण	१२,३६,४०,०९५.२२	९,४८,०१,४१३.००	७६.६८
३११५२ मैदान निर्माण	१,००,०००.००	१,००,०००.००	१००
३११५३ विद्युत संरचना निर्माण	५३,००,०००.००	३९,८४,१४२.००	७५.१७
३११५४ तटबन्ध तथा बाँधनिर्माण	३,९९,९९९.००	३,९९,९९९.००	१००
३११५५ सिंचाई संरचना निर्माण	५६,००,०००.००	५५,२५,८१५.००	९८.६८
३११५६ खानेपानी संरचना निर्माण	२,००,०००.००	२,००,०००.००	१००
३११५७ वन तथा वातावरण संरक्षण	६,१२,०००.००	६,०५,४०८.००	९८.९२
३११५८ सरसफाई संरचना निर्माण	१,५७,५०,०००.००	७,२७,९८०.००	४.६२
३११५९ अन्य सार्वजनिक निर्माण	३८,६६,७९,४६२.००	८,१६,३९,४०४.००	२१.११
३११६१ निर्मित भवनको संरचनात्मक सुधारखर्च	८,००,०००.००	८,००,०००.००	१००
३११७१ पूँजीगत सुधार खर्च सार्वजनिकनिर्माण	९,५०,०००.००	९,०१,६५६.००	९४.९१
३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श	५,००,०००.००	४,९८,०४०.००	९९.६१
वित्तीय	१.	०	०
३२१५९ अन्य संस्थामा शेयर लगानी बिक्री	१.	०	०
पूंजीगत	५९,४८,१०,७७८.२२	२१,२३,९६,१४४.००	३५.७१

१० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन :

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी

ठेक्का अभिलेख खाता तयार गरेको पाइएन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने तथा मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• पालिकाबाट भुक्तानी गर्नु पर्ने विद्युत महशुल समयमा भुक्तानी गरी जरीवाना भुक्तानी नगर्ने तर्फ ध्यान दिनुपर्दछ ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्दृढ वनाउनु पर्ने देखिन्छ ।

११ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष विविध कार्यक्रमा रु. ७० लाख वजेट व्यवस्था गरी खर्च गरेको छ । अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ । तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१२ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. २ करोड भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१३ कानून निर्माण र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म ३७ वटा ऐन, ९ वटा नियमावली, ५९ कार्यविधि लगायत १०५ वटा कानुन निर्माण भएको छ ।

१४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । न्यायिक समितिमा मेलमिलाप तथा विवाद निरुणका गतवर्षको वाँकी ३९ र यो वर्षको ४७ समेत ८६ मध्ये फर्स्यौट भई ७ उजुरी वाँकी रहेको देखिन्छ । उजुरीहरु तोकिएको समयभित्र टुङ्गो लगाउनुपर्ने देखिन्छ ।

उजुरीको प्रकार	गत आ.वमा फछर्यौट गर्न बाँकी	यो आ.व मा थप	यो आ.व मा फछर्यौट	फछर्यौट बाँकी
दफा ४७ को १ बमोजिम	०	७	७	०
दफा ४७ को २ बमोजिम	३९	४०	७२	७
	३९	४७	७९	७

१५ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु ५ करोड २० लाख ७६ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले रिक्त विभिन्न पदमा ५९ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. ४ करोड १८ लाख ७४ हजार खर्च लेखेको छ । लोकसेवा आयोगमा लेखि पठाएको भए पनि पदपुर्ति नभएको तथा पुन लेखि पठाएको छैन । नियमानुसार स्थाई पदपुर्तिका लागि लोकसेवा आयोग पठाएको पदपुर्ति हुनुपर्छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने स्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना विभिन्न पदका सहायक चौथो १४ जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु. ६१ लाख ६ हजार भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	६१,०६,०५५

१७ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षणको प्रतिवेदनमा उल्लेख भएको लिलाम गर्नुपर्ने सामानहरु लिलामि गरेको छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदन अनुसार बाँकी मर्मत सम्भार, लिलामी लगायतका कार्य समेत गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१८ **सेवाप्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
जन्मदर्ता	११५७	११५७
मृत्युदर्ता	४७४	४७४
बसाईसराई दर्ता	४५४	४५४
विवाह दर्ता	६००	६००
सम्बन्धविच्छेद दर्ता	८७	८७

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने पञ्जिकरण वाहेकको अन्य सवै प्रकारका सेवाप्रवाहको अभिलेख व्यवस्थित देखिएन । अत: सवै प्रकारका सेवाप्रवाहको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

१९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र..वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२० **समपुरक अनुदान**

लुम्बिनी प्रदेश प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा (६) अनुसार आयोजना तथा कार्यक्रमको कुल लागतको अधिकतम ५० प्रतिशत रकम समपूरक अनुदान दिने व्यवस्था छ । समपुरक अनुदान अन्तर्गत खर्चको ५०,५० प्रतिशत व्यहोर्नेगरी कार्यक्रम स्वीकृत भएकोमा निम्नानुसार प्रदेश तर्फको रकम वढी खर्च भएकोले पालिकाले व्यहोर्नुपर्ने रु. ८ लाख २० हजार प्रदेश संञ्चित कोषमा दाखिला हुनुपर्ने रु. ८२००००

(रकम रु हजारमा)

क्र. सं	योजना	जम्मा खर्च रु	प्रदेशवाट खर्च रकम	पालिकावाट खर्च हुनुपर्ने	पालिकावाट खर्च भएको	प्रदेश फिर्ता गर्नुपर्ने रकम	कैफियत
१	रंगशाला निर्माण	२१६७	१९०२	१०८५	२६५	८२०	जफत पेश्की प्रदेश नपठाएकोले
						प्रमाण पेश नगरेको	८,२०,०००

२१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. २४ लाख ८५ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२२ **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । करार सेवा शुल्क, ईन्धन तथा मसलन्दमा वढी वृद्धि भएकोमा कार्यालयले खर्च वृद्धि भएकोमा सोको कारण खुलाएको छैन । यस्ता

खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रु. हजारमा)

सि.नं.	खर्च शिर्षक	२०७९।८० को खर्च	२०८०।८१ को खर्च
१	करारका कर्मचारीको खर्च	१७९९१	४१८७४
२	वैंठक भत्ता	४६९९	४७६८
३	जलपान	१०३६२	५७२५
४	इन्धन	५०८८	६०९९
५	मसलन्द	८२८७	८९३८

२३ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

२४ **सामुदायिक वनको आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत विभिन्न सामुदायिक वन भए पनि वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत पालिकाको संचित कोषमा दाखिला भएको छैन । उक्त रकम बन कार्यालयसंग समन्वय गरी असूल गर्नुपर्ने देखिन्छ ।

२५ **असूली**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थितिनिम्न अनुसार रहेको छ ।लक्ष्यको तुलनामा न्युन आय तथा आन्तरिक श्रोत कम रहेको देखिन्छ साथै गत वर्षको तुलनामा निम्नानुसार १७.५९ प्रतिशत राजश्व कम संकलन भएको छ। राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

यो वर्षको आय					गत वर्षको आय
शीर्षक	प्रस्तावितआय	वास्तविकआय	आम्दानी(%)		
११३१३ सम्पती कर	४१,००,०००.००	३८,३७,२६९.३६	९३.५९	१११३१सम्पत्ती, बहाल कर	४५,१६,०५८.००
११३१४ भुमिकर/मालपोत	४२,००,०००.००	४४,४२,२०७.९५	१०५.७७	११३१४भुमिकर/ मालपोत	४४,१२,५३१.५०
११३१७ वहाल कर	६०,००,०००.००	९७,०२,४२०.२१	१६१.७१	११३१७वहाल कर	७६,७७,४७९.९४
११३१८ वहाल विटौरी कर	५३,५०,०००.००	३१,००,४६२.३८	५७.९५	११३१८वहाल विटौरी कर	२३,५५,८५१.८०
११४५१ सवारी साधन कर	३,५०,०००.००	२,४३,५००.००	६९.५६	११४५१सवारी साधन कर	०
११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	६८,०२,०००.००	१,५४५.०७	०.०२	११४५२पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	८६,९८,२५२.३२
११४७९ अन्य मनोरञ्जन कर	२,००,०००.००	२७,५००.००	१३.७५	११४७९अन्य मनोरञ्जन कर	०
११६९१ अन्य कर	४,५०,०००.००	५,६४६.२६	१.२५	११६९१अन्य कर	४,३०,२२९.५०
१३४११ अन्य संस्थागत आन्तरिक अनुदान	२६,०८,८०,०००.००	०	०	१४२२५यातायात क्षेत्रको आम्दानी	०
१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२३,००,०००.००	३५,३२,८८२.००	१५३.६	१४२२९अन्य प्रशासनिक सेवा शुल्क	४५,७००.००
१४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	१,४४,०००.००	२,५०,८१२.००	१७४.१८	१४२४२नक्सापास दस्तुर	४४,६४,०२४.१६
१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम	१,००,०००.००	४,१५,७२०.००	४१५.७२	१४२४३सिफारिश दस्तुर	२,०३,५९,६५४.२५
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	१,००,००,०००.००	०	०	१४२४४व्यक्तिगत घटना दर्ता दस्तुर	५,५२,५००.००
१४२४२ नक्सापास दस्तुर	४१,००,०००.००	४५,६९,४४६.७२	१११.४५	१४२४५नाता प्रमाणित दस्तुर	१,२००.००
१४२४३ सिफारिश दस्तुर	१,००,००,०००.००	१,४६,९१,१६१.८६	१४६.९१	१४२४९अन्य दस्तुर	२०,३६,३९९.४६
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	६,५०,०००.००	५,६३,८९०.००	८६.७५	१४३१२प्रशासनिक दण्ड, जरिवाना र जफत	१२,१३,३१३.५१
१४२४५ नाता प्रमाणित दस्तुर	१,००,०००.००	२,२००.००	२.२	१४५२९अन्य राजस्व	६०,३४,२९१.६३
१४२४९ अन्य दस्तुर	१०,००,०००.००	५,१८,५२९.३४	५१.८५	१४६११व्यवसाय कर	६४,०३,२०५.००
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१,५०,०००.००	५,०४,४२५.००	३३६.२८	१५११३अनुदान फिर्ता	०
१४३१२ प्रशासनिक दण्ड,	५,००,०००.००	११,५०,०४१.५८	२३०.०१	जम्मा	६९२००६९१.०७

जरिवाना र जफत					
१४५२९ अन्य राजस्व	१०,००,०००.००	२४,४९,३४६.६७	२४४.९३		
१४६११ व्यवसाय कर	६५,००,०००.००	६८,०२,२३०.००	१०४.६५		
१५१११ बेरूजू	१,००,०००.००	२,१०,४६५.६०	२१०.४७		
३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति	५,२८,५३,०००.००	०	०		
आन्तरिक श्रोत	३७७८२९०००.	५७०२१७०२.	२६.३१	०.	

२६ **आन्तरिक राजस्व - यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :**

-कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकिन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन ।

-आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धि बाँकी बक्यौता असुली व्याज जरिवान यकिन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

- स्थानीय उत्पादन निकासी कर लगाईएको पाईएन ।

-वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानिलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन ।

२७ **शिक्षक दरबन्दि तथा विद्यार्थी**

२७.१ शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । त्यस्तै विद्यालय समायोजन कार्यान्वियन निर्देशिका,२०७० वमोजिम कम विद्यार्थी हुने विद्यालयलाई नजिकको वढी विद्यार्थी भएको विद्यालयमा गाभ्न सकिने व्यवस्था रहेको छ पालिका अन्तर्गतका २० विद्यालयमा निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा विद्यालय समायोजन ऐन वमोजिम विद्यालयहरु समायोजन भएको छैनन् ।

क्र.स.	विद्यालय	कुल विद्यार्थी	शिक्षक संख्या	शिक्षकविद्यार्थी अनुपात
1	Pashupati Secondary School	११३९	२९	१:३९
2	Durga Bhawani Secondary School	३३१	१६	१:२१
3	Gorakhnath Female School	७४	०	शिक्षक नभएको
4	Jana chetana Secondary School	३९४	१४	१:२८
5	Jana Kalyan Secondary School	७६५	१८	१:४२
6	Janajyoti Basic School	२२०	९	१:२४
7	JanaJyoti Basic School	१९२	७	१:२७
8	Kalika Basic School	११९	५	१:२३
9	Kanchan pre primary School	४९	०	शिक्षक नभएको
10	Kotiya Devi Secondary School	३७५	१४	१:२७
11	Lumbini Tinau Balbikas Kendra Bansgadi	२७	०	शिक्षक नभएको
12	Maherawa Devi Basic School	२२०	८	१:२७
13	Malmaladevi Secondary School	३४३	१५	१:२३
14	Parroha Secondary School	१३१०	२१	१:६३
15	Pashchim Parroha Secondary School	३८३	१४	१:२८
16	Ramapur Secondary School Ramapur	१८२९	२४	१:७६
17	Rastriya Secondary School	३७६	१५	१:२५
18	Sainamaina Secondary School	२५७१	२५	१:१०३
19	Saljhandi Secondary School	२९९	१४	१:२२
20	Saraswati Secondary School	३९८	१५	१:२६

पालिकागत तहगत रुपमा हेर्दा समेत शिक्षक विद्यार्थी अनुपात निम्नानुसार प्राथमिक तहमा कम रहेको छ । कम विद्यार्थी भएका विद्यालयहरुलाई कानुन वमोजिम समायोजन गरी विद्यालय संचालनलाई प्रभावकारी वनाउनुपर्दछ ।

क्र.स.	विद्यालकोतह	कुलविद्यालय	कुलविद्यार्थी संख्या	कुलशिक्षक संख्या	शिक्षकविद्यार्थी अनुपात
1	प्रा.वि.	१८	४७३७	१३६	१:३४
2	नि.मा. वि.	३	२८५१	५८	१:४९
3	मा.वि.	१३	३७९०	६३	१:६०

२७.२ **शिक्षकको तलब भत्ता अनुदान** - अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिकमा स्थानीय तहले कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले कार्यान्वयन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची -१ बमोजिमको फाराम भरी २०८० माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०७९ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन पुस्तिकाले गरेकोमा यस स्थानीय तहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि पालिका अन्तर्रगत २० विद्यालयमा कुल ११४१४ विद्यार्थी रहेकामा पालिकाले सशर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी सशर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई १९ विद्यालयलका लागि रु. ६५ लाख २९ हजार थप अनुदान गत वर्षको मौज्दात तथा आन्तरीक श्रोतवाट उपलब्ध गराएको देखियो । शिक्षक नभएका विद्यालयहरु तथा विद्यार्थी संख्या धेरै भएका विद्यालयहरुलाई मात्र यस्तो अनुदान दिनुनपर्ने देखिन्छ ।

२८ **छात्रबृत्ति**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१०,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२९ **नि:शुल्क पाठ्यपुस्तक**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।०८१ को क्रियाकलाप नं २.४.६.१ मा भएको ब्यवस्था अनुसार विद्यालयलाई पाठ्यपुस्तक ब्यवस्थापनको लागि कक्षा ११-१२ का लागि आर्थिक बर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो चौमासिकमा अनुदान दिने र यसरी अनुदान दिदाँ पहिलोपटकमा बिद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाईमात्र अनुदान दिने । शैक्षिक सत्रमा भएको नयाँ बिद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरीद र वितरण गरेको आधारमा एकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने ब्यवस्था रहेकोछ । विद्यालयहरुको नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्न बिद्यालयहरुलाई निकासा दिएको रकम भन्दा कम बितरण गरेको देखिएकाले बढी निकासा भएको रकम सम्बन्धित बिद्यालयबाट असुल गर्नुपर्ने रु

विद्यालय नाम	निकासा	भरपाइ पेश	बाँकी
पर्सोहा मा वि	८१५७७१	७३८८४५	७६९२६
सैनामैना पर्सोहा परमेश्वर मा वि	१३५२७४५	१२६२५७६	९०१६९
सालझण्डी मा वि	२१६०३६	१९५१०६	२०९३०
		जम्मा	१८८०२५

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१७१,५४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१३१,९८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२९,१२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४७,८३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२४,५८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,२७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१६,८६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१७,५९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,२९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,८८,०२५

३० **स्यानिटरी प्याड**

३६०।०८१।३।२३ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले यस वर्ष ३९ हजार ३०१ थान प्रति प्याड रु. २७.६५ का दरले सेनिटरी प्याड खरिद वापत रु. १० लाख ८६ हजार ७१५ भुक्तानी गरेकोमा विद्यालयहरुलाई एकमुष्ट वितरण गरेको देखाइ खर्च लेखेको पाइयो । खरिद गरिएका प्याडहरु विद्यालयले वितरण गरेको प्रमाण पेश गरेको छैन । अत: सम्बन्धित विद्यालयमा अनुगमन गरी वितरण भए नभएको प्रतिवेदन समेत भएको छैन । कार्यक्रम अनुसार वितरण तथा मौज्दात भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३१ **प्रमाण**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३२ **औषधी खरिद**

७९६।०८१।२।३ पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले यस वर्ष रु. ४३ लाख ४६ हजार ९३७ को लागत अनुमान स्वीकृत गरी रु. १७ लाख ४६ हजार ५७८ को सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१क) बमोजिम क्युरेक्स फर्मास्युटिकल प्रा. लि. बाट उत्पादित राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरेको बजार दररेट तथा विक्रि मूल्य निर्धारण गरि प्रकाशित गरेको सूचनाको आधारमा उक्त कम्पनीको आधिकारिक विक्रेता श्री भीम देवी मेडिसिन सप्लायर्स क्षेत्रपाटीबाट ४० थरी औषधी खरिद गरेको देखिन्छ । साथै पालिकाले पहिलेको ठेक्का अंकमा उक्त आपूर्तिकर्तासंग पुन रु. १९ लाख १५ हजार २२० को औषधी खरिद गरेको देखिन्छ । यस बाट पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको देखिएन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति भएका औषधि सम्वन्धित विषय विज्ञबाट प्रमाणित गराई निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरेको छैन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३३ **अनुदान तथा वितरण**

७६।०८०।९।१८ नगरपालिकाले निम्नानुसार प्रस्ताव स्वीकृत गरी आलु प्रवर्द्धन कार्यक्रममा निम्नानुसार रु.१० लाख खर्च लेखेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन :

विवरण	प्रस्ताव (न पा)	प्रस्ताव (कृषक)	प्रस्ताव (जम्मा)	वास्तविक खर्च	फरक	अनुदान %	बढि भुक्तानी
आलुको वीउ खरिद	२४३७५०	२४३७५०	४८७५००	४८७५००	०	५०	0
जैविक मल	१५००००		१५००००	१५००००	०		
आलुमिन/बालि संरक्षण/वेभिस्टिन	१३५०००		१३५०००	०	१३५०००		
स्टिकर	७५०००		७५०००	९७५००	-२२५००		
तालिम/अभिमुखिकरण	१४००००		१४००००	१०६१३५	३३८६५		
स्प्रेयर	११४७५०	२०२५०	१३५०००	२४७५००	११२५००	८५	९५६२५
सिंचाइ व्यवस्थापन	७५२६८	१३२८२	८८५५०	१०४१७६	-१५६२६	८५	१३२८२
प्रविधि विस्तार	२००००		२००००	२००००	०		
अनुगमन	४००००		४००००	५९०००	-१९०००		
वोर्ड	६२३२		६२३२	६२१०	२२		
जम्मा	१००००००	२७७२८२	१२७७२८२	१२७८०२१			

३३.१ पालिकाले उक्त कार्यक्रम संचालन गर्न आलुको बीउमा ५०%, स्प्रेयरमा ८५% र मोटर खरिदमा ८५% अनुदान सम्झौता गरेको देखिन्छ । उक्त कार्यक्रम संचालन गर्न स्पष्ट कार्यविधि तयार गरी कार्यान्वियन भएको देखिएन । अत: कार्यविधि तयार गरी कार्यक्रम संचालन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

३३.२ उल्लेखित अनुसार स्वीकृत प्रस्ताव अनुसार स्प्रेयर तथा सिंचाइ व्यवस्थापन अन्तर्गत स्प्रेयर रु. ९५ हजार ६२५ तथा सिंचाई व्यवस्थापनमा रु. १३ हजार २८२ गरी रु. १ लाख ८ हजार ९०७ प्रस्ताव भन्दा वढी भुक्तानी भएको देखिन्छ । प्रस्ताव भन्दा वढी भुक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	१,०८,९०७

३३.३ स्वीकृत प्रस्ताव अनुसार विल भरपाई परीक्षण गर्दा आलुमिन/बालि संरक्षण/वेभिस्टिनमा रु. १४०००००। बजेट प्रस्ताव गरेकोमा खर्च भएको देखिएन ।

३३.४ (✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४ **प्रोत्साहन अनुदान**

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,४०८,८६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३५ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ वमोजिम लाभग्राहीहरुले प्रत्येक वर्षको भाद्र मसान्त चित्र आफ्नो परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत २०८०।८१ मा विभिन्न प्रकारका लाभग्राहीलाई रु. २७ करोड ५७ लाख ५३ हजार भुक्तानी भएको छ । आर्थिक वर्ष २०८०।८१ मा भत्ता भुक्तानी लिने लाभग्राही मध्ये मृत्यु, वसाईसराई तथा वालवालिकाको हकमा उमेरका कारण लगत कट्टा भएको वाहेक निम्नानुसार जनाले २०८१।८२ का लागि नवीकरण गराएको देखिन । नवीकरण नगराएका व्यक्तिहरुको यो वर्षको भत्ता खर्च रु. १ करोड १ लाख ९९ हजार भुक्तानी भएको सम्वन्धमा पालिकावाट अनुगमन तथा छानविन भएको देखिएन । यस सम्बन्धमा एकिन हुनुपर्दछ ।

लक्षित समूह	**संख्या**	**दर**	**मासिक जम्मा**	**वार्षिक जम्मा**
अन्य जेष्ठ नागरिक	१४४	४०००	५७६०००	६९१२०००
जेष्ठ नागरिक - दलित	१६	२६६०	४२५६०	५१०७२०
जेष्ठ नागरिक एकल महिला	१७	२६६०	४५२२०	५४२६४०
विधवा	७०	२६६०	१८६२००	२२३४४००
जम्मा	२४७		८४९९८०	१०१९९७६०

३६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ११ वडामा २२ योजना सञ्चालन गरी यस वर्ष ९० जनालाई औसत २१ दिनले १८४५ दिन रोजगारी उपलब्ध गराई रु १२३२९९७ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३७ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निम्नानुसारको परामर्श सेवा लिएको देखिन्छ ।

क्र सं.	भौचर नं र मिति	विवरण	परामर्सदाता	भुक्तानी रकम	कार्यान्वयन अवस्था
१	४०४।८१।३।२२	खुला व्यायामशाला तथा सैनामैना नमुना पार्क को डि.पि.आर	भीजन इन्जिनियरिङ्ग एण्ड कन्सलटेन्सी	३४८०४०	निर्माण भएको
२	५५७।०८०।११।१३	लुम्बिनी इन्जिनियर्स एण्ड रिसोर्स कन्सल्टेन्ट प्रा.लि.	प्रारम्भिक वातावरणीय परिक्षण	४६९१३६	आय ठेक्का भएको
३	७४४।०८१।१।२५	वाताबरणीय सचेतना तथा कानूनी जनसरोकार मञ्च	सामुदायिक बिद्यालय शैक्षिक सुधार	२९९०००	
४	८३४।०८१।२।१८	पाथफाइण्डर नेपाल सर्भिस प्रा.लि.		४९२११५	
५	१०१७।०८१।३।१६	आरम्भ कन्सल्टिङ प्रा.लि.	मध्यकालिन खर्च संरचना	४८५९००	
६	११३९।०८१।३।२४	वि.के.इन्जिनियरिङ्ग कन्सल्टेन्सी		४९३८१०	
७	८५३।०८१।२।२४	टेक भिजन इन्फरमेशन टेक्नोलोजी सोलुसन प्रा.लि.	घर नक्सा डिजिटाइज	४८९८५५	
		जम्मा		३०७७८६६	

३७.१ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाईयो । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

३७.२ **विज्ञको उपस्थिति** - परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा निजहरुको प्रमाणित हाजिर विवरण पेश भएको छैन । जसवाट सम्वन्धितको विज्ञता उपयोग सम्वन्धमा एकिन हुन सकिएन । सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

३७.३ **अभिलेख** - परामर्शसेवा तथा डि.पि.आर.हरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । जसवाट हाल भएका कार्यहको दोहोरोपना सम्वन्धमा एकिन गर्न सकिएन । लिएका परामर्श सेवाका तथा डि.पि.आर. प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।

३७.४ पालिकाले उल्लेखित कार्यको लागि लागत अनुमान स्वीकृत गरी एउटै पत्रमा सबै परामर्शदाताहरुको नाम उल्लेख गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेकोमा प्राप्त गरी सोही अनुसार खरिद गरेको छ । एउटै पत्रवाट प्रस्ताव माग गरेकोले प्रतिस्पर्धा सिमित भएको छ । छुट्टा छुटै पत्रवाट प्रस्ताव माग गरी परामर्श सेवा लिनुपर्दछ ।

३७.५ **सम्भाव्यता अध्ययन/डि.पि.आर** - सार्वजनिक खरिद ऐन 2063 को नियम 8.9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा यसरी सेवा लिदा गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । यस्ता सेवा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर

कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

३८ समायोजन ग्रेड

कर्मचारी समायोजन ऐन २०७५ को दफा ७(४) मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा कर्मचारीको सेवा अवधि र शैक्षिक योग्यताका आधारमा तह मिलान तथा ग्रेड (तलब वृद्धि) कायम हुने गरी समायोजन गरिने उल्लेख छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका कर्मचारीको स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको देखिएन । पालिकामा कार्यरत ७ जना कर्मचारीलाई समायोजन ग्रेड दिने सभाले निर्णय गरी रु. ४९४६५०। भुक्तानी गरेको छ । उक्त थप ग्रेड पाउने आधार नदेखिएकोले असुल हुनुपर्ने रु. ४९४६५०

असुल गर्नुपर्ने	४,९४,६५०

३९ पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १ करोड २५ लाख ४८ हजारसुविधा वापत भुक्तानी भएको छ । जुन सुविधा पालिकाको यस वर्षको आन्तरिक श्रोतको २२ प्रतिशत रहेको छ ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष 11 जना	कार्यपालिका सदस्य 8	सभाका सदस्य 38	जम्मा 59
1.	यातायात खर्च	-	-	१५८४०००	७३२०००	१५९६०००	३९१२०००
2.	टेलिफोन,मोबाइल	४८०००	४८०००	३९६०००	२८८०००	११४००००	१९२००००
3.	पुस्तक,पत्रीका,ईन्टरनेट	६००००	६००००	५२८०००	३०००००	९१२०००	१८६००००
4.	जन सम्पर्क विशेष सुविधा	१५६०००	९६०००	९२४०००	५०४०००	१३६८०००	३०४८०००
5.	अतिथि सत्कार	८४०००	७२०००	७९२०००	७२०००	०.००	१०२००००
6.	खानेपानी/बिजुली/सरसफाई	६००००	६००००	०.००	०.००	०.००	१२००००
7.	मर्मत संभार र विधुत/उर्जा	६००००	६००००	०.००	०.००	०.००	१२००००
8.	चाडपर्व खर्च	१५०००	१५०००	१३२०००	८२०००	३०४०००	५४८०००
9.	अन्य भए उल्लेख गर्ने	०.०	०.००	०.००	०.००	०.००	०.००
	जम्मा	४८३०००	४११०००	४३५६०००	१९७८०००	५३२००००	१२५४८०००

४० तालिम नर्म्स

तालिम, गोष्ठी, सेमिनार, कार्यशाला संचालन सम्बन्धी संघीय, प्रादेशीक तथा स्थानीय सरकारहरुले आ आफ्नो खर्चको मापदण्ड, कार्यविधि, निर्देशिकाहरु स्वीकृत गरी कार्यान्वयनमा रहेको देखिन्छ । हाल प्रयोगमा रहेको कार्यसंचालन निर्देशिका २०७७ (संघ),

सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ (प्रदेश) तथा पालिकास्तरमा स्वीकृत गरेको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा निम्नानुसार खर्च शिर्षकहरुमा भिन्नता रहेको पाइएकोले सो सम्बन्धमा एकरुपता कायम गर्नुपर्ने देखिन्छ

विवरण	कार्यसंचालन निर्देशिका २०७७ (संघीय)	सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९(प्रादेशिक)	सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका (पालिकास्तर)
प्रशिक्षक कार्यपत्र(आन्तरिक)	१२००।	२०००।	२०००।
संयोजक भत्ता	५००	१०००	२०००
सहजकर्ता	०	०	१५००
अनुगमन अधिकृतस्तर	०	०	१५००
अनुगमन सहायकस्तर	०	०	१२००

४१ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । सैनामैना नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने (कार्यविधि सम्बन्धी ऐन) २०७६ बमोजिम नगरपालिकाले यस वर्ष निम्नानुसार प्रोत्साहन भत्ता उपलब्ध गराएकोमा नगरपालिकाका कर्मचारीहरुले नियमित कार्यालय समय भन्दा अतिरिक्त समयमा कार्यालयको आवश्यकता अनुसार उपस्थित भई काम गरेमा, सार्वजनिक विदाको दिनमा समेत आयोजना हुने विभिन्न कार्यक्रम तथा अभियानमा सहभागी भएमा, नियमित रुपमा अनुशासित भई आफुले तोकेको जिम्मेवारी पुरा गरे वापत मासिक तलवमानको दश प्रतिशतका दरले प्रोत्साहन भत्ता उपलब्ध गराइने उल्लेख गरेको छ । साथै २०८१।२।१७ गतेको नगर कार्यपालिका बैठकबाट नीति तथा कार्यक्रम र बजेट निर्माणको कार्यमा र ढुङ्गा गिटि उत्खनन कार्यमा सार्वजनिक विदा, कार्यालय समय भन्दा बाहिर विहान तथा बेलुकाको समयमा समेत कामकाज गर्नु पर्ने उल्लेख गरी रु. ५४ लाख ९९ हजार प्रोत्साहन भत्ता वापत भुक्तानी गरेको छ । भत्ता भुक्तानी गर्दा उल्लेखित शर्तहरु पुरा भएको अभिलेख प्रमाणीत गरी राखेको छैन । यस्तो भत्ता यो वर्षको आन्तरिक आय रु. ५ करोड ७० लाख २१ हजारको ९.६१ प्रतिशत हुन आउदछ । कार्यविधिले तोकेको प्रकृया पुरा भएको अभिलेख संलग्न गरी आन्तरिक आय तथा कार्यवोझ तथा उपलब्धि समेतलाई विचार गरी भत्ता भुक्तानी गर्नुपर्दछ ।

४२ **तालिम नर्म्स**

नमूना छनौटको आधारमा निम्नानुसार परीक्षण गरेको तालिम कार्यक्रमहरुमा संयोजक भत्ता रु.२ हजार सहजकर्ता भत्ता रु.१ हजार ५००, अनुगमन अधिकृतस्तर प्रति व्यक्ति रु.१ हजार ५००. र कार्यक्रम अनुगमन सहायकस्तर प्रति व्यक्ति रु.१ हजार २०० का दरले खर्च लेखेको पाइयो । यस प्रकारको खर्च नियन्त्रण हुनुपर्दछ ।

भौ नं।मिति	तालिम कार्यक्रम	रकम
१३।०८०।५।१७	सुत्रको माध्यबाट राजस्व असुली र सोसंग सम्बन्धित अन्य वियषको क्षमता अभिबृद्धि तालिम	१६५०२५।
७५५।०८१।१।२८	किशोर किशोरी मैत्री स्वास्थ्य तालिम	१०००००।

४३ **मूल्य अभिवृद्धि कर**

१३।२०८०।६।११ वडास्तरीय सडक ग्राभेल गर्दा पालिकाको खोलाको ग्राभेलको रु.५७९३८। रोयल्टि लिई प्रयोग गर्न दिएकोमा सोको मूल्य अभिवृद्धि कर मूल्य अभिवृद्धि कर ऐन, २०५३ को दफा १५(३) वमोजिमको रु.७५३२।० दाखिला भएको नपाईएकोले उक्त रकम असुल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	७,५३२

४४ **विज्ञापन**

विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ क को उप दफा ३ र ४ वमोजिम विज्ञापन वापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको तिन प्रतिशत रकम कट्टा गरी विज्ञापन वोर्डको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसार विज्ञापन वापत रकम भुक्तानी भएकोमा उक्त व्यवस्था वमोजिम कट्टा गरी वोर्डको खातामा दाखिला भएको नपाईएकोले असुल गरी सम्वन्धित खातामा दाखिला हुनुपर्ने देखिएको रु.

क्र.सं.	गो भौ नं. र मिति	फर्मको नाम	भुक्तानी रकम	तिन प्रतिशतले हुने रकम
१	१६।८०।७।२०	ग्रीक मिडीया प्रा.लि.	२२३०६२	६६९१
२	२५८।८१।२।२१	रुपनदेही मिडीया प्रा.लि	९१५३०	२७४५
३	२।८०।११।८ सडक वोर्ड	ग्रीक मिडीया प्रा.लि.	१०९१५८	३२७४
		जम्मा		१२७१०

असुल गर्नुपर्ने	१२,७१०

४५ **मूल्य अभिवृद्धि कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२०,८९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,२०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८६,४४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४६ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले निम्नानुसार सफ्टवेयर खरिद गरी रु.३ लाख ६१ हजार ५९० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

भौ नं।मिति	आपूर्तिकर्ता	विवरण	रकम
१३६।०८०।६।२९	शांग्रिला इन्फरमेटिक्स प्रा लि	राजस्व	१६१५९०।
११३७।०८१।३।२४	स्मार्ट टेक सोलुसन प्रा लि	Road Designing	२०००००।
		जम्मा	३६१५९०।

४७ **निर्माण व्यवसायीको पेश्की**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ तथा खरिद सम्झौताको शर्त वमोजिम दिएको पेश्की सम्झौतामा उल्लेख भए वमोजिम फर्स्यौट गर्नुपर्दछ । पालिकाले गत वर्षको रु. २६ लाख ६५७ तथा यस वर्षको रु. १६ लाख २५ हजार समेत निम्नानुसार कार्यक्रमको लागि रु. लाख २५ हजार ६५७ पेश्की दिएको छ । उक्त पेश्की मध्ये रु. १६ लाख २५ हजारको म्याद ननाघेतापनि वाँकीको रु. २६ लाख ६५७ गत विगतको पेश्कीको म्याद नाघेको देखियो । अत: उक्त पेश्की खरिद सम्झौताको शर्त अनुसार फर्स्यौट हुनुपर्ने देखिन्छ ।

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम	म्याद ननाघेको पेश्की यो वर्षको	गत वर्षको वाँकी
१०/२८/२०८०	४	राष्ट्रियस्तरको फुटबल रङ्गशाला निर्माण निरन्तरता सैनामैना -४	यूरोटेक नेपाल प्रा.लि.	१६२५०००	
०४/०१/२०८०	१	सैनामैना न.पा. १ लोकमार्ग देखि बोलबम मन्दिर जोड्ने सडक यज्ञपथ कालोपत्रे	तिरुपति निर्माण सेवा तथा सप्लायर्स प्रा.लि		८,६४,४५८
०४/०१/२०८०	१	सैनामैना न.पा. ६ देवीचोक देखि रिङ्गरोड जोड्ने सडक कालोपत्रे	तिरुपति निर्माण सेवा तथा सप्लायर्स प्रा.लि		७,०६,४५६
०४/०१/२०८०	१	गत बिगत आ.ब. को पेश्की	दुर्गा भवानी उच्च मा वि		४०,०००
०४/०१/२०८०	१	स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण	न्यू जगत्र देवी निर्माण सेवा- आर्य कन्स्ट्रक्सन प्रा.लि.		५,५४,३००
०४/०१/२०८०	१	वडा कार्यालय भवन निर्माण वडा नं. ३,५,८ र ११	न्यू जगत्रदेवी निर्माण सेवा		४,३५,४४३
			जम्मा	१६२५०००	२६००६५७

४८ **पेश्की बाँकी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

४९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारको टुक्रा-टुक्रा पारि खरिद गरेको देखिएकोले कानुनको पालना भएको देखिएन ।

क्र सं.	भौचर नं र मिति	विवरण	निर्माणव्यवसायी	भुक्तानी रकम
1	४५।८०।९।२३	प्रशासनिक भवन कम्पाउण्ड भित्र सौन्दरिकरण	अजय निर्माण सेवा	९७८२४१
२	७२।८०।१०।१७	प्रशासनिक भवनको थप पुर्वाधार निर्माण	ईम्पेरियल ईन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट	३४२००२
3	१२।८०।३।१९	१५ वेड अस्पतालको थप पुर्वाधार	एन वी ईन्जिनियरिङ एण्ड कन्सल्टेन्ट	४९७९१२
४	५।८०।११।६	१५ वेड अस्पतालको थप पुर्वाधार	एन वी ईन्जिनियरिङ एण्ड कन्सल्टेन्ट	४९७२२१
			जम्मा	२३१५३७६

५० **उपभोक्ता समितिवाट काम**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अन्तर्गत कार्यालयले यस वर्ष सडक, सिचाइ, खानेपानी लगायतका १५० टुक्रा काम उपभोक्ता समितिवाट गराइ रु. ४ करोड २६ लाख ३१ हजार भुक्तानी दिएको छ । यसको लेखापरीक्षणवाट निम्न व्यहोराहरु देखिएका छन :

५०.१ **निर्माण क्षमता:** उपभोक्ता समितिवाट सार्वजनिक खरिद वा निर्माण कार्य गर्न त्यस्ता समितिहरुमा पूँजि, जनसक्ति, उपकरण र व्यवस्थापकीय ज्ञान चाहिन्छ । सामान्यतया उपभोक्ता समितिहरुमा यस्ता क्षमताको अभाव रहको अवस्थामा सार्वजनिक खरिद नियमावलीले रु. १ करोड सम्म काम उपभोक्ता समिति मार्फत गर्नसक्ने व्यवस्था गरेको छ ।

५०.२ **जनसहभागिता परिचालन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट गराइने काममा जनसहभागिता परिचालन गर्नुपर्ने व्यवस्था गरिएको छ । यस पालिकाले परिचालन गर्नु पर्ने जनसहभागिताको अंश निर्धारण गर्नु पर्नेमा गरेको देखिएन । रु. ४ करोड २६ लाख ३१ हजार का १५० योजनाहरुमा दश प्रतिशत सम्म जनसहभागिता परिचालन गरेको देखाए पनि सम्वन्धित योजनाहरुमा जनसहभागितावाट गरिने काम नछुट्टाइ एकमुष्ठ रुपमा काम गराएको र सोही अनुसार नै नापी किताव भरेको देखिन्छ । सम्झौता गर्दाको अवस्थामै उपभोक्ता समितिले जनसहभागितावाट गर्ने काम निर्धारण गरी काम गराउने वा नगद सहभागिताको रुपमा जनसहभागिता परिचालन गर्ने व्यवस्था गर्नु पर्दछ ।

५०.३ **उपभोक्तालाई मूल्यअभिवृद्धि कर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समिति मार्फत गर्ने कामको लागत अनुमान तयार गर्दा निर्माण सामग्री खरिदको मूल्य अभिवृद्धि कर समेत समावेश गरी लागत अनुमान तयार गरेकोमा देहायका उपभोक्ता समितिले भुक्तानी लगेको मूल्य अभिवृद्धि कर वरावरको मूल्य अभिवृद्धि कर बिजक पेस नगरेकोले मूल्यअभिवृद्धि कर बापत भुक्तानी भएको निम्नानुसारको रु. ३ लाख ५२ हजार ६३६ असुल गर्नुपर्ने रु.

भौ.नं.मिति	कामको विवरण	भुक्तानी भएको मू.अ.कर	विल पेश भएको	वढी मू.अ.कर
१६।८१।३।१९	वडा नं.१ बर्माबावा टोल पिएस टोलमा पक्की नाला	३०४५९	२००७५	१०३८४
११।८१।१।३०	वडा नं.३ सुनगाभा टोल पानी निकास नाली निर्माण	३०२०१	१६९३१	१३२७०
६।८०।१२।९	वडा नं. ७ रामनगर दुर्गामन्दिर हुदैं रामनगर चोक सम्म नाली निर्माण	३४२३५	२४४०५	९८३०
४।८०।१०।२४	जनकल्याणपथमा नाली निर्माण वडा नं. ८	२३९३८	१७६१८	६३२०
२८।८१।३।९	पशुपति मा.बि.सैनामैना १०, कक्षाकोठा निर्माण	४५४७४	२८९९०	१६४८४
२६।८१।३।१९	श्री महेरवा देवी आधारभुत विद्यालय कक्षा कोठा	४५३०२	३०२०१	१५१०१
३०।८१।३।१९	सालझण्डी मा.बि. सैनामैना १० कक्षाकोठा निर्माण	६८६३९	२६८०१	४१८३८
६७।८०।१०।१६	प्रगति टोल दुर्गा मन्दिर देखि दक्षिण अधुरो नाली निर्माण	२३५९५	१५५९१	८००४
१०७।८०।१२।७	वनरहवा कल्भर्ट निर्माण उ.स.	१८९६१	१३१९०	५७७१
१४३।८०।१२।२६	वडा स्तरिय नाली सहित सडक स्तरउन्नति उ.स.-३	६२१२१	३५०९३	२७०२८
१४०।८०।१२।२६	सालझन्डि बजारमा कल्भर्ट निर्माण उ.स.	१५९५८	११२५५	४७०३
१३७।८०।१२।२५	वडा स्तरीय नाली निर्माण उ.स.	३०९७३	२००३९	१०९३४
१९३।८०।१।१२	ब्रम्हकुमारी इश्वरीय विद्यालय सैनामैना मुर्गिया	१६९८८	११८३०	५१५८
१८८।८१।१।१२	नमुना पथमा नाली निर्माण	१९३१८	७८२२	११४९६
१९७।८१।१।१८	हरियाली पथमा नाली निर्माण सैनामैना-९	२७४२३	६३१२	२११११
२३६।८१।२।१४	सेरुवा अधुरो नाली निर्माण	१७६७४	१३४९७	४१७७
३९०।८१।३।२०	श्री जनचेतना माध्यमिक विद्यालय	५५७३६	३८९६६	१६७७०
१०।८०।१०।८	सैनामैना ५ बुद्धागर प्रगतिशिल टोल विकास स्थित मालिका पथ लोकमार्ग सडक तथा नाला स्तरोन्नती	५०५३६	३३४६१	१७०७५
७।८०।९।२६	रुपन्देही जिल्ला सैनामैना न पा वडा न १ रिङ्गरोड	५३८८२	३८७७९	१५१०३
५१।८१।३।१६	श्री सैनामैना पर्रोहा परमेश्वर माध्यमिक विधालय	९२०७९	०	९२०७९
		७६३४९२	४१०८५६	३५२६३६

असुल गर्नुपर्ने	३,५२,६३६

५१ **प्रमाण कागजात**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० अनुसार रकम भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न भए नभएको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। विल भरपाई नभएको तथा वढी भुक्तानी सम्वन्धि देखिएका व्यहोरा देहायमा उलल्लेख छन:

५१.१ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१.२ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२४,५८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२४,५८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५१.३ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१.४ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१.५ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,६८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१.६ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२४,२७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१.७ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,३६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१.८ (✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५२ **विद्यालय भवन निर्माण(प्रदेश)**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **८४,०३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **विद्यालय भवन निर्माण(संघिय)**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९२८,१६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५४ **चिस्यान केन्द्र निर्माण**

पालिका अन्तरगत एउटै चिस्यान केन्द्र निर्माण का लागि गत आर्थिक वर्ष तथा यो वर्ष छुट्टा छुट्टै वोलपत्र गरी एउटै काम निम्नानुसार दुई वटा ठेक्का तथा केही काम सोझै कोटेसन मार्फत भएको छ ।

क्र सं	कामको विवरण	लागत अनुमान	निर्माण व्यवसायी	सम्झौता रकम	भुक्तानी रकम	कैफियत
१	संरचना तथा निस्यान रेफ्रिजिरेटर	१९९५१८५६	विल्डकन डिजाईन एण्ड डेभलपर्स	१९१७९२१५	१८६२०५४४	२०८०१०।३० मा सम्पन्न
२	संरचना तथा एयरकन्डिसन लगाएतको काम	९४४९९९५	रेसुङ्गा कन्ट्रक्सन	६२१७३५८	४४४९५९७	सम्पन्न नभएको २०८०।१२।४ मा सुरु
३	विद्युतिकरण तथा वाटरसप्लाई कार्य	३३३७४९		३२५७७९	३२५७७९	सम्पन्न

५४.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ वमोजिम सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि स्पेशिफिकेसन, योजना नक्सा, डिजाईन, विशेष आवश्यकता लगाएतका विवरण तयार गर्नुपर्ने तथा नियमावलीको दफा ३ वमोजिम एकै प्रकारको एक आपसमा अन्तर सम्वन्धित कामलाई एकै प्याकेज वनाई कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लेखित अनुसार एउटै निर्माण कार्यलाई दुईवटा ठेक्का तथा कोटेसन समेतमा कार्य गरेको पाईयो । जसवाट एउटा ठेक्का सम्पन्न भई त्रुटी सच्याउनुपर्ने अवधि समाप्त नहुँदै अर्को ठेक्का लगाएको तथा केही काम कोटेशनवाट सोझै समेत गरेको देखियो । जसवाट सम्पन्न भएको ठेक्काले त्रुटी सच्याउने अवधिको दायित्ववाट समेत मुक्ति पाउने अवस्था देखियो । निर्माण कार्य गर्दा खरिदको विवरण वनाई एकै प्रकारको कामलाई एउटै प्याकेजमा गर्नुपर्ने देखिन्छ ।

५४.२ **गुणस्तर परीक्षण तथा संचालन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ वमोजिम निर्माण कार्यस्वीकृत ड्रईङ डिजाईन र स्पेशिफिकेसन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने

व्यवस्था रहेकोछ । अत: उक्त निर्माण कार्य सम्पन्न गरी स्पेशिफिकेसन वमोजिम गुणस्तरीय कार्य भएको सम्वन्धमा परीक्षण गरी प्रतिवेदन पेश हुनुपर्ने तथा चिस्यान केन्द्र संचालन हुनुपर्ने देखिन्छ ।

५५ **अधुरो ठेक्का**

ठेक्का अवधिभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरो रहेको देखिन्छ । निर्माण व्यवसायीहरुले कार्यतालिका र सम्झौता अनुसार काम नगर्ने वा बीचमा कार्य छाड्ने गरेको कारण ठेक्काहरु अधुरा भएका छन् । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ तथा सार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२०(११), १२१ र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने र अन्य कारवाही समेत गर्ने व्यवस्था छ । पालिका अन्तरगत निम्नानुसारका विभिन्न ठेक्काहरु सम्झौता वमोजिम कार्य नगरी अधुरो रहेको देखियो ।

सि.न.	योजनाको नाम	ठेक्का नं.	सम्झौता रकम	सम्झौता मिति	सम्पन्न हुनुपर्ने मिति	निर्माण व्यवसायीको नाम	भुक्तानी रकम
1	ईन्द्रेणी पथ कालोपत्रे	२०।०७७। ०७८	११८९१	७८/१२/२	७८/०३/२०	जय देउराली नि.से	३५६२
2	प्रा.स्वा के. निर्माण	०३/०७६-०७७	८८६२	७६/११/२३	७७/०७/१५ म्याद थप ०७८/१२/३०	न्यू जगत्रादेवी सेवा आर्या जेभी	४८६२पेश्की वाँकी ५,५४,३००.
3	सैनामैना मा विमा तला थप	२६/०७७-०७८	८२१२	७८/०३/१३	७८/०३/२५	लक्की डिजाईनर्स एण्ड वील्डर्स	१६४६
4	प्रा.स्वा के. निर्माण वडा नै ५ र ८	०४/०७६-०७७	७३९३	७६/११/२३	७७/०५/३१ म्याद थप ०७८/११/३०	न्यू जगत्रादेवी आर्या कन्ट्रक्सन	३४४८ पेश्की वाँकी ४,३५,४४३.
5	सैनामैना मा विमा दुई तले भवन	२५/०७७-०७८	७८२५	७८/३/२८	७९/०२/१५	गंगोत्री देवी निर्माण सेवा	०
6	देवीचोक रिङ रोड कालोपत्रे	१७/०७७-०७८	१२४७७	७८/०२/१६	७८/०३/२५	तिरुपति नि.से. तथा सप्लायर्स	१५२६पेश्की वाँकी ७,०६,४५६.
7	वनकट्टी रिङरोड सडक कालोपत्रे	१५/०७७-०७८	१२४२५	७८/०२/१९	७८/०३/२५	गृह डेभलपर्स	२०३९
8	डगराहा प्रगति टोल कालोपत्रे	१४/०७७-०७८	१२८०४	७८/०२/१९	७८/०३/२५	गृह डेभलपर्स	४३९
9	यज्ञपथ कालोपत्रे	१६/०७७-०७८	१२४०२	२०७८/०२/१६	२०७८/०३/२५	तिरुपति नि.से. तथा सप्लायर्स	१३५२ पेश्की वाँकी ८,६४,४५८.
		जम्मा	९४२९१				

५५.१ **कार्य सम्पन्न गराउने** - सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ७(१) मा नगरपालिकाले खरिदको लागि आवश्यक वजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ । संघ तथा प्रदेश सरकारका पालिकावाट संचालित उल्लेखित अनुसारका ९ योजनामा रु.९ करोड ४२ लाख ९१ हजारको खरिद सम्झौता भएका ठेक्कामा आर्थिक वर्ष २०७७।७८ मा सम्पन्न गर्ने गरी सम्झौता

भएकोमा रु. १ करोड ८८ लाख ७४ हजारको काम भई अधुरो रहेको छ । संघ तथा प्रदेश सरकारवाट विनियोजन भै त्यसपछिका वर्षहरुमा बजेट व्यवस्था नहुँदा कार्य सम्पन्न हुन सकेको देखिएन । आर्थिक वर्ष २०८०।८१ मा समेत उक्त आयोजनाको लागि नगरपालिकावाट समेत वजेट विनियोजन भएको छैन् । जसबाट उल्लेखित ठेक्काहरुमा भएको खर्च रु १ करोड ८८ लाख ७४ हजार उपलब्धि विहिन भएको छ । उक्त ठेक्काहरुको मिति २०८०।९।२६ मा नगरसभाको बैठकले सुविस्थाको आधारमा अन्त गर्ने निर्णय गरेको छ । संचालित योजना सम्पन्न हुने गरी वजेट व्यवस्थापन गर्ने तर्फ सम्वन्धित निकायले ध्यान दिनुपर्दछ ।

५५.२ **पेश्की जफत गर्ने**– उल्लेखित अनुसारका निर्माण व्यवसयीहरु मध्ये प्रा.स्वा के. निर्माणको निर्माण व्यवसायी न्यू जगत्रादेवी सेवा आर्या जेभीको रु. ५ लाख ५४ हजार ३००, प्रा.स्वा के. निर्माण वडा नं. ५ र ८को निर्माण व्यवसायी श्री न्यू जगत्रादेवी आर्या कन्ट्रक्सनको रु. ४ लाख ३५ हजार ४४३, देवीचोक रिङ रोडकालोपत्रे निर्माण कार्यको निर्माण व्यवसायी श्री तिरुपति नि.से. तथा सप्लायर्सको रु. ७ लाख ६ हजार ४५६ तथा यज्ञपथ कालोपत्रेकार्यको तिरुपति नि.से. तथा सप्लायर्सको को रु. ८ लाख ६४ हजार ४५८ समेत जम्मा रु. २५ लाख ६० हजार ६५७ को खरिद सम्झौता तथा कानून वमोजिमो ब्याज समेत असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२५,६०,६५७

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सैनामैना नगरपालिका, रुपन्देही , सैनामैना नगरपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Jeevan Gnawali	२०८०-१२-४	हाल सम्म कार्यरत
लेखा प्रमुख	Shivalal Aryal	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४,२८६,७४१	६,२१४,९६२	६,०१९,२७२	०	०	१८०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१६,७००,९७५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					६,०४९,८०३
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१०,६५१,१७२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२७९५२४५३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३८९४५७६८४	**चालु खर्च**	४४८११७७०८
प्रदेश सरकारबाट अनुदान	३८८८६५३०	**पूँजीगत खर्च**	२१२३९६१४४
राजश्व बाँडफाँट	१८९१९२६३०	**वित्तीय/अन्य व्यवस्था**	३५७११६८३३
आन्तरिक आय	५७०२१७०२		
अन्य आय	३३४५६०२४१		
कुल आय	१००९११८७८७	**कुल खर्च**	१०१७६३०६८५
बाँकी मौज्दात		११९४४०५५५	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा नगरपालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण

गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्रीहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका जिन्सी मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- निर्माण सम्पन्न आधारभूत अस्पताल आवश्यक पुर्वाधार व्यवस्थापन गरि सञ्चालनमा ल्याउनुपर्दछ ।